बैठक नं. ३

आ.व. २०८३/०८४

आज मिति २०८३/५/११ गते नगरकार्यपालिकाको बैठक मध्यविन्दु नगरकार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिलः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण वहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन वहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण बहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल | वडाध्यक्ष वडा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम बहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता वि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद वि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | विपिन क्षेत्री | सचिव | 05/11 |

तेस्रो कार्यपालिका बैठक

आ.व.२०८३/०८४

मितिः२०८३/५/११

समयः दिउसो ५:३० बजे

स्थानः नगरकार्यपालिकाको कार्यालय

प्रस्तावहरुः

१. समीक्षा सम्बन्धमा।

२. उद्धार,राहत तथा पुनस्थापनाका लागि सहयोग सम्बन्धमा।

३. खोला च्यानालाइज सम्बन्धमा।

४. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको प्रारम्भिक प्रतिवेदन पेश सम्बन्धमा।

निर्णयहरुः

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको विषयमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन माथि समिक्षा गरियो।

२. २०८३ साल भदौ १० गते भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ्ग जिल्ला लगायत तटिय क्षेत्रमा भएको विपत्तिमा परेका नागरिकहरूको उद्धार,राहत तथा पुनर्स्थापनाका लागि नगरपालिका अन्तर्गतका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी एवम् सरकारी अनुदानबाट तलबभत्ता भुक्तानी हुने शिक्षक र कर्मचारीहरुबाट देहाय बमोजिमको रकम भाद्र महिनाको तलबबाट विपद व्यवस्थापन कोषमा जम्मा गर्ने। साथै नगरपालिकाको तर्फबाट विपत्तिमा परेका नागरिकहरूको उद्धार,राहत तथा पुनर्स्थापनाका लागि रु ५ लाख विनियोजन गर्ने।

देहायः

क. जनप्रतिनिधि तर्फः

| क. सं. | पद/ तह | दर | कैफियत |
|---|---|---|---|
| १ | नगर प्रमुख | २०,०००।- | |
| २ | नगर उपप्रमुख | १४,०००।- | |
| ३ | वडाध्यक्ष | ८,०००।- | |
| ४ | कार्यपालिका सदस्य | ८,०००।- | |
| ५ | वडा सदस्य | ३,५६९।- | |

ख. राष्ट्रसेवक कर्मचारी र शिक्षकतर्फः

| क. सं. | पद/ तह | दर | कैफियत |
|---|---|---|---|
| १ | उपसचिव वा सो सरह | ७,०००।- | |

| | | | |
|---|---|---|---|
| २ | अधिकृत वा सो सरह | ५,०००।- | |
| ३ | ना. सु. वा सो सरह | ३,५००।- | ५ औ तह |
| ४ | खरिदार वा सो सरह | २,५००।- | ४ औ तह |
| ५ | श्रेणीविहन वा सो सरह | १,०००।- | विद्यालय कर्मचारी, वाल विकास सहजकर्ता समेत |

३. मध्यविन्दु नगरपालिका वडा नं. ७ र वडा नं. १३ मैनाघाट जोड्ने पक्की पुलको तल माथि गिरुवारी खोलामा नदिजन्य पदार्थ दायाँवायाँको जमिनको सतहसँग वरावर भैसकेको र वर्षातको समय अझै नसकिएकोले ठुलो वर्षा भएमा वरीपरीको खेतीयोग्य जमिन कटान तथा वरीपरीको वस्तीमा वाढी पस्ने जोखिम रहेकोले उक्त स्थानमा खोला च्यानलाइज गर्ने।

४. नगरपालिकाको आ. व. २०८२/८३ को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन गर्दा आएको प्रारम्भिक अंक ८४.१ पेश भयो।